# लोक सेवा आयोगको सूचना

## केन्द्रीय कार्यालय, अनामनगर

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं. : ७७२/०७३-७४**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७३/१०/७)**

लोक सेवा आयोग भवनको छतमा ट्रष्ट राखी कोठाहरु निर्माण गर्नुपर्ने भएकोले उक्त कार्य बोलपत्रको माध्यमबाट गर्नको लागि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आर्थिक वर्षको लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. ३०००।- (फिर्ता नहुने गरी) बुझाई यस आयोगको भण्डार शाखा तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी खामको बाहिर कामको विवरण, ठेक्का नं., बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी सिलबन्दी लाहाछाप लगाई यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नु पर्नेछ । सो सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र साथ जमानत वापत् तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्नेछ ।

५. दररेट अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ (संशोधन सहित) तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

८. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको स्टोर शाखामा आई बुझ्न सकिनेछ ।

१०. यस सम्बन्धी सूचना आयोगको website: www.psc.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर (रु.मा) | जमानत रकम (रु.मा) |
|---|---|---|---|---|
| १. | ५/०७३-७४ | लोक सेवा आयोगको भवनको छतमा ट्रष्ट राखी कोठाहरु निर्माण गर्ने | ३,०००।- | १,४२,०००।- |

**Website:www.psc.gov.np**